**दोगडाकेदार गाउँपालिका**

बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

## दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ३ सम्बत् २०७९ असार ११ गते**

## भाग-२

## दोगडाकेदार गाउँपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति, २०७९

दोगडाकेदार गाउँपालिका, बैतडी

# दोगडाकेदार गाउँपालिका

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०३।१०
परमाणिकरण मिति : २०७९।०३।११

## १.पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय , बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता , सामाजिक सांस्कृतिक ऐक्यबद्धता , सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवद्र्धन गर्दैस वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकविभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता , समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

नेपालको संविधानकोधारा १८ ले पनि समानता र कानुनको समान संरक्षणको सुनिश्चितता गरेको छ ,जसमा मौलिक हकको रुपमा महिलकाको हक , दलितको हक बालबालिकाको हक , जेष्ठनागारिकको हकलाई, समेत स्विकार गरेको छ भने धारा ४२को सामाजिक न्यायको हक अन्तरगत आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका लैगिंक तथा यौनिक अल्पसंख्यक नागरिकलाई सामानुपातिक समावेशीकरणको सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिता हक सुनिश्चित गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका स्थानीय तहको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा २० मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति २०७६ ले विभेद रहित , समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सवै वर्ग , जातजाति, लिंग तथा क्षेत्रको समान सहभागिता , अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित समाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सवै तह , क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ । साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी समितिको व्यवस्था समेत गरेको छ ।

यस सन्दर्भमा दोगडकेदार गाउँपालिका ले आफ्ना नीति , कार्यक्रम, संरचना र काम कारवाहीलाई लैङ्गिकमैत्री तथा समावेशी गाउँपालिकाबनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला , दलित, आदिवासी जनजाति, स्थानीय अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई गाउँपालिकावाट गठन तथा सञ्चालन हुने समिति संरचनामा समान सहभागिता , अग्रसरता र

निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान वोध गर्ने वातावरण निर्माण गर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले "दोगडकेदार गाउँपालिका को लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण नीति , २०७९ तर्जुमा गरिएको छ ।

## २.गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको सुदूरपश्चिम क्षेत्रमा स्थित दोगडाकेदार गाउँपालिकाको स्थापनादीर्घकालीन सोच "व्यवसायिक, बहुसांस्कृतिक समुन्नत क्षेत्र तथा सामाजिकविकाश " का साथ बिभिन्न ७ वटा वडा बाट मिति २०७३ फागुन देखि दोगडाकेदार गाउँपालिका हुन गएको हो । यो समुद्री सतह देखि लगभग १ २५० मि. जतीको उचईमा रकाठमाडौँ देखि लगभग ८७५ कि.मि. को दुरीमा स्थित रहेको छ । दोगडाकेदार गाउँपालिकामा कुल ८ वडा रहेका छन् । १२६.३८ बर्ग कि.मि. को क्षेत्रफलमाफैलिएको दोगडाकेदार गाउँपालिका भू-आकृतिक सबै पहाडी रहेको छ । यसगाउँपालिका को पूर्वमा पुर्चौडी नगरपालिका, पश्चिम मा दशरथचन्द नगरपालिका , उत्तरमा डीलाशैनी गाउँपालिका र दार्चुला जिल्ला छ भने दक्षिण तिर सुर्नयागाउँपालिका रहेको छ । २०६८ साल को तथ्यांकअनुसार यस गाउँपालिकाको कुलजनसंख्या २४६३२ छ । यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । जस्तै :-दशैँ , तिहार, माघी, होलि, गौरा इत्यादी यहाँका प्रमुख चाड पर्वको रुपमारहेको पाईन्छ ।

स्थापना: २०७३भौगोलिक अवस्थित

कुल क्षेत्र: १२६.३८ वर्ग कि. मि.

काठमाडौँ देखि लगभग ८४५कि. मि.

जनसंख्या( २०६८ को राष्ट्रिय जनगणना अनुसार ) जम्मा: २४६३२

राजनैतिक बिभाजन बिकाश क्षेत्र सुदूरपश्चिम, अंचल महाकाली, जिल्ला बैतडी , सिमाना : पूर्वमा पुर्चौडी नगरपालिका, पश्चिम मा दशरथचन्द नगरपालिका , उत्तरमा डीलाशैनी गाउँपालिका र दार्चुला जिल्ला छ भने दक्षिण तिर सुर्नयागाउँपालिका रहेको छ ।

## ३. विगतका व्यवस्था प्रयास र वर्तमान स्थिति

यस दोगडकेदार गाउँपालिका ले विगत ५ वर्षदेखि लै .स.सा.स.को दृश्टिकोणवाट पालिकाले प्राप्त गरेका विभिन्न खाले अनुदानहरू कार्यान्वयन गर्दा लक्षित वर्गहरूलाई पहिलो प्राथमिकतामा राखेर कार्यहरू गर्दै आएको छ । त्यसका साथ साथै गाउँपालिका अन्तरगत रहेका विभिन्न विषयगत शाखा वाट संचालन हुने कार्यक्रमहरुमा गरिव विपन्न तथालक्षित समुदायको पहुँच हुने गरि संचालन हुने गरेको छ ।त्यसमा दोगडकेदार गाउँपालिका अन्तरगतरहेकोमहिला तथा बालबालिकाशाखा लगायत विभिन्न विषयगत शाखाहरुलेसंघीयरप्रदेशसरकारवाटप्राप्तशशर्तअनुदानहरू तोकिएकै शर्तमा रहि कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

**संक्षिप्त नाम र परिभाषा:**

४.१. संक्षिप्त नाम : यस रणनीतिको नाम लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मू **ल** प्रबाहिकरण रणनीति २०७९ रहनेछ। यो रणनीति स्थानीय सरकारले स्विकृत गरेको मीति देखि लागु हुनेछ।

४.२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) रणनीति भन्नाले :दोगडकेदार गाउँपालिका को लैससास मूलप्रकाहिकरण रणनिति २०७९ लाई सम्झनु पर्दछ ।

ख) गा.पा.भन्नाले :दोगडकेदार गाउँपालिका सम्झनु पर्दछ।

ग) लैससास भन्नालेः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ।

घ) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण भन्नाले महिला, पुरुष वा लैंगिक तथा यौनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ।

ङ) लैंङ्गिक मूलप्रबाहीकरण भन्नाले गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ।

च)लैङ्गिक समानता भन्नाले समाज तथा राज्यको सबै अंग र तह र क्षेत्रमा महिला , पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ।

छ)लैङ्गिक समता भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुगाउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ।

ज)सामाजिक समाबेशीकारण भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग , वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा , स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ।

झ)सामाजिक बञ्चितिकरण भन्नाले लैंगिकता , जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा ब्यक्ति , वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमताअनुसार सहभागी हुने अवसरर त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो।

ञ) बञ्चित समूह भन्नाले लामो समय देखि आर्थिक , सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला , दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ।

ट) लैंङ्गिक संबेदनशिल सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास , सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ।

ठ) लैङ्गिकता भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका , उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक ब्यबहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

ड) लैंगिकमैत्री समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला , पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आबश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

ढ)खण्डिकृत तथ्यांकभन्नाले सबै जाताजती , लिंग, बर्ग, क्षेत्रकामहिला, पुरुषतथा यौनिक एबं लैंगिकअल्पसंख्यक , सिमान्तकृत समुदाय, शारिरिक अवस्थाआदि समूहहरुको तहगततथ्यांकलाई सम्झनु पर्दछ ।

ण) CRC भन्नालेबालअधिकार महासन्धी(child Right Convention) सन१९८९ लाई जनाउछ ।

त)लैंगिकप्रभावबिश्लेषणभन्नाले स्थानीयनीति, योजनातथाकार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रकामहिला, पुरुषले प्राप्त गरेको लाभवाअवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

थ)सिमान्तकृत समुदायभन्नाले आर्थिक , सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएकातथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुनबमोजिममानवबिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

द)लैंगिकउत्तरदायी बजेटभन्नाले लैंगिक समानताकालागि बजेटको सुनिश्चितता लाई सम्झनु पर्दछ ।

**५.दोगडकेदार गाउँपालिका को राजनैतिक,सामाजिक र आर्थिक अवस्थाबिश्लेषण:**

दोगडाकेदार गाउँपालिकाकोबिद्यमानराजनैतिक, सामाजिक र आर्थिक अवस्थाबिश्लेषणगरिएको छ । बिश्लेषणले आगामीदिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक योजनातथानीतिकार्यक्रमकाबिषयहरु उठान गर्न सहयोग गर्नेछ ।

५.१. राजनैतिकअवस्था

दोगडकेदार गाउँपालिका को राजनैतिकअवस्थाअध्ययनतथाबिशलेषण गर्दा आमनागरीकहरु राजनैतिक रुपमा सचेत भएपनिस्थानीय सरकार लगायततीनै तहको संरचना र राज्यका हरेक निकायको नेतृत्वतहमामहिला , दलितलगायत पछाडी परेको समुदायको सहभागिता अपेक्षाकृत बृद्धि हुन सकेको पाइदैन । महिलालगायतलक्षीत समूहलाई राजनीतिमा सहभागिता बृद्धिका लागि परिवार तथा समाजबाट सहजवातावरण सुजना गर्न आबश्यक देखिन्छ । महिला , दलितलगायतबञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत जनचेतनाअभिबृद्धि सम्बन्धीकार्यक्रमहरु संचालनहुन जरुरी छ । कानुनले अनिवार्य गरेकोमाबाहेक अन्य गाउँपालिकाबाट क्षेत्रमामहिलालगायत पछाडी परेका वापारिएका बर्गको सहभागिता बृद्धि गर्न सकिएको छैन । यस गाउँकार्यपालिकामाप्रतिनिधित्वको अवस्था हेर्ने हो भने महिला सहभागिता करीब ३१ प्रतिशत, दलित ३१ प्रतिशतछ । समग्रमामहिला, दलितजनजाती संख्याबिश्लेषण गर्दा राजनैतिकभूमिकामा सामान्य प्रतितितिनिधित्वभएपनि निर्णायकभूमिकामागाउँपालिकाको उपाध्यक्षमात्रमहिला रहेको पाइन्छ । गाउँपालिकाअध्यक्षलगायत वडा अध्यक्षमामहिला सहभागिता सुन्य रहेको छ । राज्यका हरेकनिकायमा ३३ प्रतिशतमहिला र समाबेशी सहभागिताको

दोगडाकेदार गाउँपालिका, बैतडी

कानुनीप्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताकालागि राजनैतिक दल लगायत स्थानीय सरकारबाट बिशेषगरी लक्षित बर्ग समुदायको क्षमताबिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजनातथाकार्यक्रमबिस्तार गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी सबै राजनैतिकदलहरुको गाउँकमिटिमा महिला सहभागिता ३३ प्रतिशत र सामाजिक रुपले समाबेशी सहभागिताअनिवार्य गरिएपनि निर्णायकभूमिकामा पुर्याउन सकेको पाइदैन। लैंगिकतथा सामाजिकहिसावले समानअस्तित्वलाई सहज रुपमा स्विकार नगरे सम्म शक्ति सम्बन्धमामहिलालगायतबञ्चिततथा पछाडी परेका बर्ग समुदायहरु समान हैसियतमाआउननसक्ने यथार्थताहाम्रा सामु बिद्यमान छ ।महिलालगायतलक्षीत समूहको राजनैतिकभूमिकामापहुँच बृद्धि गरी निर्णायक र्ता.हामी क्रियाशिलहुनकालागि सबै लक्षीत समूहमा राजनैतिक चेतनास्तरको र सो सम्बन्धीक्षमताबिकासकाकार्यक्रमहरुलाई प्राथमिकतामा राखीकार्यान्वयन गर्न आबश्यक छ ।

५.२. सामाजिकअवस्थाबिश्लेषण :

सामाजिकहिसावले दोगडकेदार गाउँपालिकामाबिभिन्नजातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजातीतथाधर्मका आधारमाभाषा , भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । समाजमाबिद्यमानपितृसतात्मक सोच र ब्यबहारबाट यस दोगडाकेदार गाउँपालिकापनि अछुत रहन सकेको छैन । लैंगिकबिभेद, दाइजो प्रथा, बोक्सी तथाधामीझाक्रीप्रथा, बालबिबाह, बहु बिबाह, जातियबिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिककुप्रथा र गलत सामाजिकअभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्वदिने परिवार तथा समाजले महिलाको समानअस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायकभूमिकामामहिला सहभागिता र अवरमातथा सुचनामापहुँच न्यून छ । पुरुषलाई महत्वदिने समाजमा लैंगिक रुपले समानअवसर र समानपहुँचहुन सकिरहेको छैन । कानुनी रुपमाप्रदानगरिएको प्रजनन् तथा सुरक्षीतमातृत्वको अधिकार समेत महिलाहरुले निर्बाध रुपमाउपयोग गर्न सकिरहेको पाइदैन ।

५.३. आर्थिक अवस्था :

यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमामुख्य पेशा कृषिब्यबसायमानिएपनि केहीमात्रामाब्यापार ब्यबसाय , बैदेशिक रोजगारी, छिमेकीमुलुकभारतमा रोजगारीको लागिजाने र ज्यालामजदुरी समेत रहेको पाइन्छ । रोजगारी तथाब्यबसायमामहिलाको एकिनतथ्यांकनभएपनिकममात्रमा संलग्नता रहेको र समानकामको समानज्याला सुनिश्चितहुननसक्दा अर्थतन्त्रमामहिलाको पहुँच न्यून रहेको पाइन्छ । पारिवारिक स्रोत तथाभूमिकामामहिलाको पहुँच न्यून छ ।

## ६. लैससास सम्वन्धमा देखिएको प्रमुख सवाल तथा मुद्दाहरू

६.१ लैससास सम्वन्धमा देखिएको प्रमुख सवाल तथा मुद्दाहरू नक्साकंन

- वास्तविक लक्षित समूह को पहिचान
- जातीय छुवाछुत तथा भेदभाव

- बालबिवाह,वहु विवाह
- गरिवी,अशिक्षा,बेरोजगारी
- गुणस्तरीय शिक्षाको अभाव
- जनचेतनाको कमी
- गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको अभाव
- लैङ्गिक तथा घरेलु हिंसा
- बास्तविक लक्षित वर्गले सेवा सुविधा पाउन नसक्नु
- योजना तर्जुमा लगायत नीति नियम निर्माण तहमा सरोकारवालाको सार्थक सहभागिता नहुनु
- जेष्ठ नागरिकहरुले उचित मान सम्मान नपाउनु
- लक्षित वर्गका विद्यार्थिहरुको कक्षा छोड्ने दर वृद्धिहुनु

६.२ दोगडकेदार गाउँपालिका स्तरका लैससासका सवाल एवं मुद्दाहरुको प्राथमिकिकरण

- जनचेतनाको कमी
- जातिय तथा लैङ्गीक विभेद
- गरिवि र वेरेजगारि
- कानुनको प्रभावकारि कार्यान्वयन नहुनु
- हानिकारक अभ्यास
- बालविवाह,वहुविवाह (हानिकारक परम्परागत अभ्यास जस्तै छाउपडी लैगिंक विभेद)

**. लैससास कार्यान्वयनका लागि दोगडकेदार गाउँपालिका का सरोकारवालाहरु**



## ८.लैससास सम्वन्धमा देखिएको प्रमुख समस्या,चुनौती अवसर(SWOT Analysis)

दोगडकेदार गाउँपालिका ले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु, अवसरहरूर चुनौतीहरू पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामना गर्न यस रणीनतिक योजनाले निर्देशित गरेको छ ।

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| • छोरि जम्म बाफत प्रोत्साहन कार्यक्रम<br>• उपाध्यक्ष कोसेलि कार्यक्रम<br>• टुहुरा बालबालिकालाइ पढाई खर्च बाफत प्रति ब्यक्ति रु. २०००० बार्षीक<br>• बहुक्षेत्रिय पोषण कार्यक्रम  तथा सुहारा कार्यक्रम लागु रहेको<br>• महिला तथा बालबालिका शाखा व्यवस्थित<br>• न्यायिक समितिको  ब्यवस्था<br>• लैं.स.सा.स. सम्पर्क व्यक्तिको व्यवस्था<br>• महिला तथा बालबालिका शाखा प्रमुखको व्यवस्था<br>• लक्षित वर्गहरुको लागि वजेट विनियोजन ( महिला , दलित, अपागंता भएका व्यक्ति र बालवालिका)<br>• वार्षिक नीति कार्यक्रममा लै.स.सा.स सम्वन्धी छुट्टै शिर्षकमा वजेट तथा क्रियाकलापहरु<br>• विभिन्न विषयगत समितिहरु गठन<br>• नीती तथा कार्यविधि (अपागंता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि)<br>• लैङ्गिक हिंसा निवारण कोष संचालन<br>• लै.स.सा.स संग काम गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुको सहयोग । | • बालक्लव तथा युवाक्लव गठन गरि अभिमुखिकरण<br>• महिला समिति तथा सञ्जाल तथा पुनर्गठन<br>• लक्षित वर्गको लागिप्रयाप्त बजेट विनियोजन गरिनु पर्ने<br>• लै.स.सा.स. सम्बन्धि मुद्दालाई प्राथमिकतता मा राख्ने<br>• लक्षित वर्गमा विनियोजित  बजेट उत्पादन मुलक बनाइनु पर्ने<br>• योजना तर्जुमा प्रक्रियाको लागि लक्षितवर्गको अर्थपुर्ण सहभागिता गराउनु पर्ने<br>• नीति अनुरुप वजेट तथा कार्यक्रमको तालमेल मिलाउनु पर्ने ।<br>• कार्यपालिकाले प्राथमिकता गरे अनुरुप कार्यक्रम संचालन गरिनु पर्ने ।<br>• लै.स.सा.स संग सम्वन्धित भौतिक संरचना निर्माण गरिनु पर्ने  (स्तनपान कक्ष, बाल स्याहार केन्द्र अपागंता मैत्री शौचालय सडक तथा संरचना)<br>• भौतिक पुर्वाधार संगै सामाजिक विकासमा जोड दिइनु पर्ने<br>• सामाजिक विकास समितको सक्रियता वढाउनु पर्ने |
| **अवसर** | **चुनौती तथा वाधा** |
| • न्यायिक समिति सञ्चालन  कर्यबिधि, २०७५<br>• अपांग परिचयपत्र बितरण कर्यबिधि, २०७५<br>• लैंगिक हिंसा निवारण कोष संचालन कर्यबिधि,२०७७<br>• नेपालको संबिधान,२०७२<br>• स्थानीय सरकार संचालन ऐन,२०७४ | • समाजमा रहेका हानिकारक व्यवहार तथा मूल्यमान्यताहरु सुधार तथा परिवर्तन गर्नु<br>• उपलब्ध श्रोतसाधन तथा लाभ को बितरणमा वास्तविक लक्षित वर्गको पहिचान तथा पहुच सुनिश्चित गर्नु<br>• नीतिगत विकासका कामहरु लाभान्वित वर्गको |

| | |
|---|---|
| • अन्तर्राष्ट्रिय सन्धि,सम्झौता, घोसणापत्र तथा प्रतिबध्दताहरु<br>• आवश्यकताका आधारमा निति, नियम, कानून,। कार्यविधि, रणनीति बनाउन सक्ने सम्बैधानिक व्यवस्था<br>• विभिन्न संघ संस्थाहरुले लक्षित वर्गका लागि सहयोग पुग्ने कार्यक्रम संचालनमा ल्याउनु | प्राथमिकतामा नपर्नु<br>• गाउँपालिका अन्तर्गत रहेका समिति तथा संरचना हरुलाई लैं.स.सा .स. मैत्री बनाउनु<br>• नव निर्वाचित जनप्रतिनिधिहरुलाई नीती ऐन सम्वन्धी ज्ञानका कमीका कारण नीति कार्यान्वियनमा कठिनाइ ।<br>• पालिकाको आन्तरिक श्रोत कम हुनुका कारण संघ र प्रदेश सरकारमा आश्रित हुनु । |

## ९.गाउँपालिकाको लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

गाउँपालिका अन्तरगतका लक्षित बर्ग तथा समूदाय (महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक,अपाङ्गता भएका ब्यक्ति, दलित, जनजाती,स्थानीय अल्पसंख्यक ) तथा, पछाडी पारेका वा बहिष्करणमा परेका समुदायका व्यक्तिहरुको स्थानीयतहको सेवा प्रवाह नीति तथा कार्यक्रमहरुमा अर्थपूर्ण सहभागिता गराउने ।

- गाउँपालिकामा लैससास सम्बन्धीशासनब्यबस्थाको प्रवद्र्धन गर्न ।
- गाउँपालिकामायोजनातर्जुमाप्रक्रियालाई लैससासमैत्रीबनाउन ।
- गाउँपालिकाकोनीतितथाकार्यक्रम र वजेटलाई लैङ्गिकउत्तरदायीबनाउन ।
- गाउँपालिकाकोनीतिकानुनर संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न ।
- गाउँपालिकाअन्तगत सन्चालनहुने नीति , योजनातथाकार्यक्रमलाई मार्गदर्शन गर्न
- सरोकारवालाहरु विचबुझाईमाएकरुपताकायम गर्न र लैससास सम्बन्धीकानुनीब्यबस्थाको कार्यान्वयनमा सहयोग पुरयाउन ।
- राष्ट्रिय तथाअन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमागरिएका प्रतिवद्धता ,संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमागरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्न ।
- लक्षितवर्गमा सामाजिकन्यायकायमगर्दै न्यायोचितवितरणको ब्यबस्था गर्न ।
- गुनासो सुनुवाईको उचितब्यबस्था गर्न ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्यप्राप्त गर्न ।

## १०. लैससास मूलप्रबाहिकरण रणनीतिकोदिर्घकालीन सोच, लक्ष्य, उद्देश्य,मुल्यमान्यता

१०.१.लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः

बिभेद रहित, समतामूलकसमावेसि समृद्ध न्यायपूर्ण दोगडाकेदार गाउँपालिका ।

१०.२. लक्ष्यः

समाजमाबिद्यमानबिभेद र असमानतामा सकारात्मक परिबर्तन ल्याइपाँचवर्ष भित्रबञ्चितिकरणमा परेका सबै वर्ग , क्षेत्र, जाती, लिङ्ग र समुदायलाई नीतिनिर्माण, शासनप्रक्रिया, सेवाप्रवाह र दिगो विकासको मुलप्रबाहमा समाहित गर्ने ।

**११. रणनीतिका उदेश्यहरुः**

११.१. समाजमावञ्चितिकरणमा परेका वर्ग , क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचानभई बिकासको मूलप्रबाहमापहुँच सुनिश्चितहुनेछ ।

११.२. बालश्रम,बालबिबाह, बालयोनशोषणलागायतबालबालिकामाथिहुने सबै प्रकारका बिभेद र शोषणको अन्त्यभएको हुनेछ ।

११.३. लैंगिकबिभेद , लैंगिक हिंसा , घरेलु हिंसा , सामाजिकअसमानतातथाजातीय छुवाछुत प्रथालगायतकागलत सामाजिकअभ्यास र कुरीतिअन्त्यभएको हुनेछ ।

११.४. हानीकारक गलत सामाजिकअभ्यास, कुरीतिलगायत सबै प्रकारका बिभेदको अन्त्यभएको हुनेछ ।

११.५. अतिविपन्नतथा पछाडी परेका बर्ग समूहको आर्थिक शसक्तिकरण भएको हुनेछ ।

११.६. लैससासमैत्रीकार्यप्रणाली र लैङ्गिकउत्तरदायि बजेट कार्यान्वयनमाआएको हुनेछ ।

**१२. लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्यमान्यताः**

दोगडाकेदारगाउँपालिकाको लैंगिक समानतातथा सामाजिक समाबेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमानिम्नमुल्यमान्यताहरुलाई आत्मसातगरिनेछ ।

१२.१. समाजमाबिद्यमान सबै प्रकारका बिभेद तथालैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलताअबलम्बन ।

१२.२. न्यायमापहुँच सुनिश्चितता र न्यायोचितबितरण प्रणाली ब्यबस्थापन

१२.३. सकारात्मक सोचको बिकास र लैससासमैत्रीब्यबहार अवलम्बन ।

१२.४. समाबेशीतथा अर्थपुर्ण सहभागिता

१२.५. पिडित तथाप्रभावित र असाह्यहरुको संरक्षण प्रणाली ब्यबस्थापन

१२.६. साझेदारी र सहकार्य

**१३.गाउँपालिकाको लैससास रणनीतिमा ब्यबस्था गरिएको प्रमुख नीति रणनितितथा कार्यनीतीः**

| बिषय क्षेत्र | उधेश्य | नीति | रणनिति | कार्यनीति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • पालिकाको निर्माण हुने नीति तथा कानुन तथा योजनाहरु लै.स.सा.स.उत्तरदायी वनाउनु। | • लै.स.सा.स.लाई संस्थागत गर्ने | • विद्यमान नीतिहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप नीति निर्माण र संशोधन | • बजेटको ब्यबस्थापन<br>• समाबेशी कार्यदल गठन परिचालन<br>• नीति पुनरावलोकन गोष्ठि आयोजना गर्ने<br>• नीतिको मस्यौदा तयार गरी कार्यपालिकामा पेशरअनुमोदन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • पालिकाकाका हरेक भौतिक संरचनाहरु लै.स.सा.स. मैत्री वनाउनु। | • लैं.स.सा.स. मैत्री भौतिक संरचना निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने | • विद्यमान संरचनाहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप संरचना निर्माण<br>• लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता | • भौतिक परीक्षण गर्ने<br>• आबस्यकताका आधारमा निश्चित मापदण्ड पुरा गरी संरचना निर्माण गर्ने<br>• प्राविधिकहरु तथा अनुगमन सुपरिवेक्षण समितिलाई लै.स.सा.स. र भवन निर्माण सहिंता सम्वन्धी तालिम संचालन गर्ने । |
| मानव संसाधन तथा क्षमता विकास | • लै.स.सा.स. सम्वन्धी पालिकास्तरीय र समुदाय स्तरीय क्षमता विकासको योजना निर्माण गर्नु | • पालिकामा क्षमतावान दक्षजनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने | • विद्यमान समिति तथा शाखाहरु लाई लै.स.सा.स.को दृस्टीकोणवाट पुनरावलोकन<br>• आवस्यकता अनुसार समिति तथा शाखाहरु गठन<br>• पालिकामा मानव संशाधन बिकास तथा परिचालन समिति गठन | • विद्यमान समिति तथा शाखाहरुलाई लै.स.सा.स. सम्वन्धी लेखाजोखा गर्ने ।<br>• लै.स.सा.स. सम्वन्धी क्षमता विकास तालिम संचालन गर्ने ।<br>• विभिन्न उपभोक्ता समितिहरुलाई समावेशी वनाउने र उनीहरुको क्षमता विकास गर्ने ।<br>• पालिका कर्मचारिहरुलाई आवश्यकता र क्षमता बमोजिम कार्य बिभाजन तथा थप तालीम को व्यवस्था गर्ने |
| सेवा प्रवाह | • लक्षित वर्गको पहिचान गरी मागमा आधारित नीति तथा कार्यक्रम संचालनमा ल्याउने | • पालिका भित्र वा समुदाय स्तरमा विभेद रहित लै.स.सा.स. सेवा प्रवाह गर्ने । | • लै स सा स मैत्री भौतिक संरचना निर्माण हुने<br>• संगठनात्मक संरचनाहरु लै.स.सा.स.मैत्री हुने ।<br>• वास्तविक लक्षित वर्गको पहिचानमा आधारिक सेवा तथा सुबबिधाको प्रवाह | • विद्यमान संरचनाहरुको पुनरावलोकन<br>• आवस्यकता अनुसार थप लै स सा स मैत्री संरचना निर्माण<br>• लै.स.सा.स.मैत्री संरचना निर्माण सम्वन्धी आचार संहिता<br>• पालिका अन्तर्गर रहेका लक्षित वर्गको खंडीकृत तथ्यांक संकलन तथा अध्यावधिक गर्ने |
| सुशासन तथा उत्तरदायित्व | • लक्षित वर्गमैत्री कार्यप्रणाली र सेवा प्रवाहलाई लैङ्गिक उत्तरदायी वनाउने | • समिति तथा विषयगतशाखाहरु को सेवा प्रवाहलाई लै.स.सा.स.मैत्री वनाउने | • विद्यमान समिति तथा विषयगत शाखाहरु लाई लै.स.सा.स.को आखावाट पुनरावलोकन<br>• आवस्यकता अनुसार समिति उपसमिति तथा | • विद्यमान समिति तथा विषयगत शाखाहरुको लै.स.सा.स. सम्वन्धी लेखाजोखा गर्ने<br>• लै.स.सा.स. सम्वन्धी विषयगत शाखाहरुका कर्मचारीहरुलाई क्षमता विकास तालिम संचालन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | शाखाहरु गठन<br>• सुशासन मैत्रीकर्मचारितंत्र | • विभिन्न उपभोक्ता वा अन्य समितिहरुलाई समावेशीका साथै निर्णायक भूमिका दिई क्षमता विकास गर्ने<br>• कर्मचारिहरुलाई सुशासन प्रबर्धन सम्बन्धी अभिमुखीकरण तालीम<br>• कार्यसम्पादनका आधारमा प्रोत्साहन |
| सहकार्य र समन्वय | • स्थानीय सरकारले निर्माण गर्ने नीति तथा कानुनहरू एक अर्कामा नवाझिने गरी निर्माण गरिने। | • लै.स.सा.स. नीतिमा राखिएका वुदाहरू सम्वोधन हुने | • लै.स.सा.स. नीति कार्यान्वयन गर्दा संघ र प्रदेशका कानुनहरूको स्थानीयकरण गरि कार्यान्वयन गर्ने | • लै.स.सा.स विकासका लागि विभिन्न सरोकारवाला निकायहरू वीच कार्यगत संयन्त्र निर्माण गर्ने<br>• लै.स.सा.स. कार्यान्वयनका लागि जनप्रतिनिधि तथा सरोकारवाला कर्मचारीलाई अनुशिक्षण कार्यक्रम आयोजना |
| अनुगमन र मूल्याङ्कन | • स्थानीय तहबाट संचालित कार्यक्रमतथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सहज बनाउने। | • लक्षित वर्गकालागि लक्षित कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने। | • स्थानीय तहबाट संचालित कार्यक्रमतथा परियोजनाबाट सबै लक्षित वर्गको प्रत्यक्ष लाभ लिने व्यवस्था मिलाउने।<br>• पालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्न समावेशी प्रतिनिधित्व हुने गरी अनुगमन समिति गठन गर्ने।<br>• पालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्न महिला तथा बालबालिका शाखाको प्रमुखको अनिवार्य प्रतिनिधित्वा हुने गरी हुने गरी अनुगमन समिति | • लक्षित वर्ग उन्मुख कार्यक्रमहरू उनीहरूको सहभागितामा निर्माण गर्ने।<br>• लै.स.सा.स. मैत्री क्रियाकलापहरू संचालनका क्रममा सरोकारवालाहरूको अवस्यक सुझाव सल्लाहहरू लिने |

दोगडाकेदार गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | | गठन गर्ने | | |

**१४.नीति कार्यान्वयनमा आउने सम्भावित जोखिम न्यनीकरण**

| **क्र.सं.** | **सम्भावित जोखिम** | **जोखिम न्युनिकरणका उपायहरू** |
|---|---|---|
| १ | प्रयाप्त बजेट विनियोजन नहुनु | वाह्य श्रोतको खोजी गरी जिम्मेवारी वाडफाड गर्ने |
| २ | लै.स.सा.स. समितिको कानुनी वैधानिकता | कार्यपालिका वाट निर्णय गरी लै.स.सा.स. समितिलाइ वैधानिकता दिने । |
| ३ | लै.स.सा.स. सिमान्तकृत वर्गको खण्डिकृत तथ्याङ्ककोअभिलेखिकरण तथा अद्यावधिक हुन नसक्नु | योजना तर्जुमा तथा अनुगमन पद्धतिलाई तथ्याङ्कमा आधारित वनाउने र पालिकाको पाश्र्वचित्रमा सम्वन्धित तथ्याङ्क अद्यावधि गर्ने |
| ४ | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमिकतामा नपर्नु । | निर्वाचित जनप्रतिनिधिहरुलाई लै.स.सा.स. नीतिको वारेमा अभिमुखीकरण गरी नीति कार्यान्वयन गर्ने । |

**१५.अपेक्षीत उपलब्धीः**

- लक्षित वर्गलाइ गाउँपालिकाको हरेक निति तथा कार्यक्रममा सक्रिय सहभागिता रहेको हुनेछ ।
- पालिकाको अभिमुखिकरण भएको हुनेछ।
- स्थानीय सरकारको संस्थागत संरचना, शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरूमा महिला तथा पछाडि परेका वर्ग समुदायहरूको सक्रिय तथा अर्थपूर्ण सहभागिता बृद्धि भई लैङ्गिक तथा सामाजिक अन्तर, विभेद र बहिष्करणक अन्त्य भएको हुनेछ ।

अनुसुची १लैससास मूलप्रबाहिकरण रणनीति कार्यान्वयन कार्ययोजन

| **लैससास नीति कार्यानवयन को लागि कार्ययोजना कार्यनीति कृयाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय तथा सरोकारवालाहरु** | **आर्थिक श्रोतको परिचालन** | **समय सिमा** |
|---|---|---|---|---|
| ग र घ वर्गका अपाङ्गता भएका व्यक्तीहरुलाई अयआर्जनमुलुक कार्यक्रम | प्रशासन शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| दलित महिलाहरुलाई आत्मानिर्भर बनाउन शिपमुलक तालिम | प्रशासन शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |

| | | | | |
|---|---|---|---|---|
| पाठेघर खसेका महिलाहरुकोलागी नि शुल्क उपचार गराउन सहयोग र समन्वय गर्ने | स्वास्थ्य शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| प्रतिभाशाली बालबालिकाहरुको प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम | शिक्षा, गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहारआचार संहिता(नियन्त्रण) आचार संहिता लागु गर्ने | प्रशासन शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| जातीय बिभेद तथा छुवाछुत बिरुद्ध सचेतानामुलक कार्यक्रम | योजना शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| जेष्ठ नागरिक सम्मान कार्यक्रम | योजना शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| लक्षित बर्गलाई योजना तथा सहभागिताको महत्व को बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने | योजना शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले ६ महिना भित्र |
| पालिका स्तरमा बाल स्याहार केन्द्र निमार्ण | पूर्वधार शाखा, योजना शाखा, स्वास्थ्य शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १२ महिना भित्र |
| गाउँपालिकास्तरमा स्तनपन कक्षको व्यवस्था गर्ने | स्वास्थ्यशाखा,पोषण कार्यक्रम,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | नीति स्विकृत भएको मितले १२ महिना भित्र |
| स्कुल भवन अस्पताल वनाउंदा महिला, अपाङ्ग, बालबालिका | पूर्वधार शाखा,योजना शाखा,महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| मैत्री वनाउने | | कार्यान्वयन निकाय | प्राप्त अनुदान | |
| लैङ्गिक सम्पर्क व्यक्तिलाई हरेक योजना तर्जुमा गर्दा अनिवार्य रूपमा निर्णयक भूमिकामा राख्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| सामुहिक खानेपानीको ब्यबस्था को लागि बजेट बिनियोजन गर्ने | गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| लक्षित वर्ग अन्तगतका कार्यक्रमहरुको निरन्तरता | महिला बिकास शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | प्रत्येक वर्षको येजना तर्जुमा प्रक्रियाको वेला |
| स्थानीय श्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्ध्यमी उत्पादन गर्ने तालिमको ब्यबस्था गर्ने पुर्बाधारका काम गर्दा महिलालाई प्रथामिकता दिने | प्रधानमंत्री रोजगार शाखा,महीला बिकास शाखा, पूर्वधार शाखा,गाउँपालिका | लै.स.सा.स. सम्वन्धी कार्यरत गैरसरकारी संस्थाहरू र गाउँपालिका भित्रका अन्य कार्यान्वयन निकाय | संघ र प्रदेश सरकारको अनुदान, पालिकाको अफ्नो श्रोत र गैससं वाट प्राप्त अनुदान | निरन्तर |
| अपांगता परिचयपत्र बितरण सिबिर सञ्चालन गर्ने | महिला बिकास शाखा | गाउँपालिका | गाउँपालिका | वर्षको १ पटक |
| अपांगताको परिक्षण गारी आवश्यक सहयोग सामग्री बितरण गर्ने | महिला बिकास शाखा | गाउँपालिका | गाउँपालिका | ३ महिना |

**१६. लैससास मूलप्रबाहीकरणका लागिसंस्थागत संयन्त्रः**

गाउँपालिकाअन्तर्गतकाभौतिक संरचनालगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्रीबनाइनेछ। गाउँपालिकाको सबै संरचनाहरुमा संस्थागतब्यबस्थापन साथै परिचालन सम्बन्धीसिपको बिकास गर्न र सामुदायिकविकास कार्यक्रममासमानुपातीक सहभागिता र समावेशीकरणप्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ। लैससास रणनीति कार्यान्वयन गर्न विशेषतःनिम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

(क) लैंगिक समानतातथा सामाजिक समाबेशीकरण शाखावाइकाईको स्थापना गरी परिचालनगरिनेछ ।

(ख) लैससासशाखाचलायमानकालागि लैंगिक सम्पर्क ब्यक्ति(Gender Focal Person)नियुक्त गरी कार्यबिबरण तोकीनेछ ।

(ग) गाउँपालिकामाकार्यरत महिलाकर्मचारीहरु र गाउँपालिकामा सेवालिनआउने महिला सेवाग्राहीहरुलाई सहजताकालागि लैंगिकमैत्रीशौचालय र स्तनपानकक्षको ब्यबस्थागरिनेछ ।

(घ) गाउँपालिकामाकार्यरत कर्मचारीहरुलाई लैंगिक समानतातथा सामाजिक समाबेशीअबधारणा र अभ्यासहरुकाबिषयमाअभिमूखकरण मार्फत जानकारी गराई सेवाप्रबाहप्रक्रियालाई लैंङ्गिकतथा सामाजिक समाबेशी मैत्रीबनाइनेछ ।

(ङ) कार्यस्थलमाहुने यौनजन्यदुब्र्यबहार (निवारण) ऐन २०७१ माभएकाकानुनीब्यबस्थाबारे जनप्रतिनिधीलगायतकर्मचारीहरुमाअभिमूखिकरण गराई लैंगिकमैत्रीकार्य ब्यबहारका लागिप्रोत्साहीतगरिनेछ ।

(च) गाउँपालिकाक्षेत्रभित्रका लैंगिकबिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमाहुने यौनजन्यदुब्र्यबहार सम्बोधनकालागिगुनासो सुनुवाइ संयन्त्रनिर्माण गर्ने ।

(छ) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायकामानिसहरुको समानुपातिक सहभागिता गराई टोल समिति गठन गरि योजनातर्जुमाप्रक्रियामा र सामुदायिकबिकासकाकार्यमाक्रियाशिलबनाउने ।

(ज) गाउपालिकाक्षेत्रभित्र संचालनहुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वियनकालागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशतमहिला सहभागिता साथै अध्यक्ष , सचिव र कोषाध्यक्षमध्वे कुनै एक पदमामहिलाप्रतिनिधित्व सुनिश्चित गर्ने ।

(झ) गाउँपालिकाबाट उपलब्ध गराइने सेवातथा स्रोतहरु र लाभबितरणमा महिला , बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकलमहिला, अपांगताभएकाब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँचबृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामासक्रिय सहभागिता सुनिश्चितगर्ने ।

(ञ) गाउँपालिकाको गरिबीनक्सांकन साथै लैंगिकतथा सामाजिक समाबेशीहिसावले खण्डिकृत तथ्यांक संकलन , बिश्लेषण र अद्याबधीक गर्नका लागि सुचनाशाखाको प्रभावकारी ब्यबस्थापनमार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिलबनाउने ।

**१७. समन्वय एबम् साझेदारीः**

गाउँपालिकाबाट संचालन गरिने हरेक योजना तथा कार्यक्रमहरु र बजेट बिनियोजन प्रक्रिया लैंगिकमैत्री र समाबेशी हिसावले सुनिश्चित गर्न गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रहरु र यस क्षेत्रभित्रका सरोकारवालाहरु बिच समन्वय र साझेदारी हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा यस क्षेत्रभित्र कार्यरत विभिन्न सरकारी, गैरसरकारी निकायहरू, बिकास साझेदारहरू, निजि क्षेत्र, सामुदायिक समूहहरू र आम नागरीकहरूबीच नियमित समन्वय र साझेदारी गरिनेछ ।

**१८. अनुगमन प्रणाली :**

दोगडकेदार गाउँपालिका बाट निर्माण गरिएको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति र रणनिति प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैंगिक समानता तथा सामजिक समाबेशीकरण परिक्षण गर्नुका साथै गाउँपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरि परिचालन गरिनेछ ।

**१९. लैगिक समानतातथा सामाजिक समाबेशी बजेट परिक्षणः**

गाउँपालिकाबाट लैंङ्गिकतथा सामाजिक समाबेशीउत्तरदायी बजेट तथाकार्यक्रमतर्जुमा गरी कार्यान्वयनभएनभएको बिषयमानियमित लेखाजोखागरिनेछ । महिला , बालबालिकातथावञ्चित समूहहरूका सन्दर्भमाकुलविनियोजित रकमको कतिप्रतिशतयी समूहकालागिप्रत्यक्षफाइदापुग्ने गरी , कतिप्रतिशतआंशिकरूपमाफाइदापुग्ने गरी र कतिप्रतिशत तटस्थ रहेको छ सोको प्रतिबेदनतयार गरी सुधारका लागिआबश्यक सुझावप्रदानगरिनेछ ।

गाउँपालिकाको अनुगमन टोलीमा सुपरिवेक्षण तथाअनुगमन समिति र लैससास शाखाकाप्रतिनिधीहरुको प्रतिनिधित्व गराइनेछ । साथै उक्त टोलीमामहिला, बालबालिकातथावञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चितहुनेछ ।

२०. अनुगमन संयन्त्र गठन तथा परिचालन :

दोगडकेदार गाउँपालिका को लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

गाउँपालिकाद्धारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयनभएनभएको नियमितअनुगमनगरी सुधारका लागिआबश्यकनिर्देशन गर्न देहायबमोजिमकाव्यक्तिवानिकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयनतथाअनुगमन समिति गठन गरी राष्ट्रिय कार्यविवरण तोकीएको छ ।

(क) गाउँपालिकास्तरीय लैससास कार्यान्वयनतथाअनुगमन समितिमातपशिलकाव्यक्तिवा संस्थाको प्रतिनिधित्व रहनेछ ।

## १६.लै.स.सा.स.रणनीति कार्यान्वयन तथा अनुगमन समिति

| क्र.स. | नाम थर | फ़ोन नम्बर | ई मेल | पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री चक्र बहादुर कार्की (गा.पा. प्रमुख) | ९८४८७९३७२१ | info@dogdakedarmun.gov.np | संयोजक | |
| २ | श्री पार्वति कार्की (गा.पा. उप प्रमुख) | ९८४८७१३५३७ | info@dogdakedarmun.gov.np | सदस्य | |
| ३ | श्री भानुभक्त भट्ट(प्र.प्र.अ.) | ९८४९२९६५२७ | info@dogdakedarmun.gov.np | सदस्य | |
| ४ | श्री गोमती लावड लुहार (का.पा.द.म.सदस्य) | ८८४८७७३३५६ | info@dogdakedarmun.gov.np | सदस्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री गणेश लुहार बि.क. (का.पा. स.) | ९८६८७१८२९२ | info@dogdakedarmun.gov.np | सदस्य | |
| ६ | श्री पुष्पा बिष्ट(गै.स.स. प्रतिनिधि) | | | सदस्य | |
| ७ | श्री जगदिश सिंह कार्की (गै.स.स. प्र.) | | | सदस्य | |
| ८ | श्री चत्रा भट्ट अवस्थी (म.वि.शा. प्रमुख) | ९८४८८८३४८६ | info@dogdakedarmun.gov.np | स.सदस्य | |

## १७.लै.स.सा.स.रणनीति तर्जुमा कार्यदल

| क्र. स. | नाम थर | फ़ोन नम्बर | ई मेल | पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पार्वति कार्की (उपाध्यक्ष) | ९८४८७१३५३७ | info@dogdakedarmun.gov.np | संयोजक | |
| २ | श्री भानुभक्त भट्ट (प्र.प्र.अ.) | ९८४९२९६५२७ | | | |
| ३ | श्री गोमति लावड लुहार (दलित सदस्य.) | ९८६८४६३८४४ | | सदस्य | |
| ४ | श्री कलुराम भुल(सा.वि.शा. संयेजक) | ९८४८५५८०४३ | | सदस्य | |
| ५ | श्री महेन्द्र बहादुर बिष्ट (वडा अध्यक्ष) | ९८६५६६२५८४ | | सदस्य | |
| ६ | श्री विष्णु सिंह कार्की (योजना शाखा प्र.) | ९८६५९०८८६० | | सदस्य | |
| ७ | श्री शुरेस प्रसाद भट्ट(शिक्षा शाखा प्र.) | ९८४८७१४३५२ | | सदस्य | |
| ८ | श्रीजनक बहादुर बिष्ट (सू.प्र.शाखा) | ९८६८४४४४३८ | | सदस्य | |
| ९ | चित्रा भट्ट अवस्थि (म.वि.शा. प्रमुख) | ९८४८८८३४८६ | | स.सदस्य | |

(ख) लैससास अनुगमनतथानिर्देश समितिको कामकर्तव्य र अधिकार

१) लैससास कार्यान्वयनतथाअनुगमन समितिको बैठक संचालन सम्बन्धीकार्यबिधिबनाई लागु गर्ने ।

२) बिभिन्न सरोकारवालाको सहभागितामाबार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनकालागि गाउँकार्यपालिकामा पेश गर्ने ।

३) लैंगिक , सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययनतथाबिश्लेषण गरी आबश्यकताअनुसार नीतिगत , कानुनीतथा संस्थागत सुधारका बिषयमा गाउँसभमासिफारिस गर्ने ।

४) लैंगिकतथा सामाजिक रुपमा पछाडी पारिएकाव्यक्ति समुदायलाई लक्षित गरी नेतृत्वक्षमताविकासकानीति , योजनातथाकार्यक्रमतर्जुमाभएनभएको अनुगमन गरी लैससासमैत्रीबनाउनआबश्यक सुझावदिने ।

५) लैससास नीतितथा रणनितिसंग सम्बन्धी योजनातथाकार्यक्रमकार्यान्वयन चरणमा आबश्यकताअनुसार सहयोग तथा समन्वय गर्ने र नियमितअनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीतबिषयगतशाखातथानिकायहरुलाई सुझाव पेश गर्ने ।

६) वडा तहर समग्र गाउँपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलनतथाबिश्लेषण गरी सोहीअनुरुपबार्षिक नीतितथाकार्यक्रम र योजनानिर्माण गर्न योजनातर्जुमा समिति र गाउँसभामासिफारिस गर्ने । ।

दोगडाकेदार गाउँपालिका, बैतडी

७) लैससास बजेट परिक्षण कार्यदल संग समन्वय गरी सबार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैंगिक हिंसा , घरेलु हिंसा , लैंगिकबिभेद, यौनजन्य दुरव्यवहार , शोषण लगायतविभिन्न जेखिममा रहेका महिलाकिशोरी र बालिकाहरुको संरक्षणका लागि राहात , पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धीकार्य योजनाबनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास नीतिकार्यान्वियनक्रममाआउन सक्ने सम्भावित जोखिमन्यूनिकरणका लागि सुझावहरु पेश गर्ने ।

१०) लैससास सम्बन्धी राष्टिय तथाअन्तराष्टिय नीतितथाकानुनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउनबिभिन्न सरोकारवालानिकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

**२२.निष्कर्षः**

समाजमाविद्यमानलैङ्गिकबिभेद तथाजातीयअसमानता , विभेदयुक्तगलत सामाजिकव्यवहार र मुल्यमान्यता , महिला हिंसा, महिलाशोषण तथा उत्पीडन, गरिवीआदि जस्ता विसंगतिहरुलाई निरुत्साहितगर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीतितथाकानुनहरु र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमाअभिव्यक्तगरिएकाविभिन्नअन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीयतहदेखि नै कार्यान्वयनगर्न गराउननिरन्तरतादिन दोगडाकेदार गाउँपालिकाको लैससास रणनीति २०७९निर्माण गरी लागु गरिएको छ ।